नेपाल सरकार
जनसङ्ख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
जलविज्ञान महाशाखा
बाढी पूर्वानुमान शाखा
E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155
Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS

# बाढी पूर्वानुमान वुलेटिन

## जारी मिति: ०२ आश्विन २०७४, बिहान ६ बजे

### आगामी ३ दिनको बाढी पुर्बानुमान

१) आज फश्चिम भागको धैरै स्थानहरूमा, मध्य र पुर्वि भागको केही स्थानहरूमा हल्का देखि मध्यम बर्षाको संभावना छ । भोली र पर्सी पनि देशको देशको धैरै भागमा आंशिक बादली भई धैरै स्थानहरूमा हल्का देखि मध्यम बर्षाको संभावना छ (स्रोत:NWP, मौसम पुर्बानुमान महाशाखा)

२) हाल देशको सबै नदीहरूमा बहाब समान्य अबस्थामा छ र आज, भोली र पर्सि सबै मुख्य नदीहरूमा बहाब केही बढे पनि सतर्कता भन्दा तलै रहने भएकाले बाढीको जोखिम हुने देखिदैन ।

### सर्बसाधारण तथा सरोकारबालामा लाई सुझाब

१) आगामी ३ दिन देशको धैरै स्थानहरूमा हल्का देखि मध्यम बर्षा हुने संभाबना छ, तर नदीहरूमा जलसतह सामान्य अबस्थामा रहेकाले ३ दिन सम्म जलसतह केहि बढेपनि आगामी ३ दिन बाढीले सतर्कता तह पार गर्ने देखिदैन ।

२) आज देखि भोली बिहान सम्म पश्चिम राप्ति र आसपास हल्का देखि मध्यम बर्षा भई जलसतह जलसतह बढ्न सक्ने हुँदा नदीतटिय क्षेत्रमा गर्नुपर्ने कार्यहरू सामान्य सतर्कता साथ गर्न अनुरोध छ ।

३) पर्सि सम्मै देशका नदीहरूमा बहाब सतर्कता तह भन्दा तलै रहने तर घटबढ भईरहने सांभावना रहेकाले नदीको तटिय क्षेत्रमा गर्नुपर्ने कार्यहरू सतर्कता साथ गर्न अनुरोध छ ।

## बुलेटिन अपडेट संबन्धि जानकारी

यस बाढी पुर्वसुचना बुलेटिन प्रतेक दिन बिहान ६ बजे देखी ७ बजे भित्रको अबधिमा अपडेट गरिनेछ र यस बिभागको वेभसाईट www.hydrology.gov.np मा राखिने छ ।

### थप र नियमित जानकारीको लागि निम्न कुराहरु पढ्नुहुन अनुरोध:

१) ११५५ टोल फ्री नम्बरमा असार, श्रावण, भाद्र र असोज महिनाभरी फोन गर्नुहोस र सोध्नुहोस्। यो नंवरमा फोन गर्दा तपाईलाई पैसा लाग्दैन ।

२) तपाई बाढी वा पहिरोको जोखिम युक्त स्थानमा वा नजिकै हनुहुन्छ भने मोबाइलमा ११५५ नंबरबाट “सतर्क रहनुहोस” भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ। यसरी प्राप्त भएको सूचना वरपरका सवैलाई जानकारी पनि गराउनुहोला!

३) तपाई मोबाइल, ल्यापटप वा कम्प्युटरमा ईन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया हाम्रो वेभसाइट: www.hydrology.gov.np भित्र गएर हेर्नुहोस। त्यहां आगामी २४ घण्टा सम्मको बाढी भविष्यबाणी अपडेट भइराखेको हुन्छ। अनि ऐले कुन नदीमा कती बहाब छ! कहां कती पानी परिराखेको छ! भन्ने जान्न चाहीं वेभसाइटको River Watch र Rainfall Watch हेर्ने गर्नुहोला है।

४) वाढि पूर्वसूचना वा धेरै वर्षा भएको स्थानमा पहिरोको जोखिमको पूर्वसूचना पाउन नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रसासन कार्यालयमा समेत फोन गर्न सक्नुहुन्छ। त्यहां पनि यसवारे जानकारी गराइएको हुन्छ।

५) वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला।

*नोटः तपाईको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदी एक्कासी सुकेको छ भने माथी दिइएको ठेगानामा फोन वा इमेल वा Facebook वा Twitter मा जानकारी पनि दिनुहोस है।*

**“कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी विपद्बाट आफु पनि वचौं अरुलाई पनि बचाऔं”**

**जनहितको लागि जारी**